IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratеekdaily.com

अनावश्यकरूपमा घर बाहिर र भीडभाडमा नजाऔं ।
खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ वैशाख ०५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 18 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २२९

## स्थानीयद्वारा विकासका लागि निकास नेताहरूको राजनीतिले अवरोध

प्रस, वीरगंज, ४ वैशाख/

पर्साको धोबिनी गाउँपालिका–४ लङ्गडीका बासिन्दाहरूले विकासको लागि निकास दिए पनि अहिले राजनीति शुरू भएको छ ।



लङ्गडीका बासिन्दाहरूले निकास दिएपछि सडक निर्माणका लागि गरिएको तोडफोड । तस्वीरः प्रतीक

सोही गाउँपालिका वडा नं ४ टोल बखरीदेखि लङ्गडी हुँदै जगरनाथपुरसम्म नालासहित कालोपत्रे करीब ३ किलोमिटर सडक सङ्घीय सरकारको लगानीमा निर्माण भइरहेको छ।

२०७३ सालमा सो सडकको ठेक्का भएको तर स्थानीयले आवश्यकता अनुसार सडकको लागि जग्गा नदिंदा काम रोकिएको थियो ।

सडकछेउका बासिन्दाले आफ्नो घर नभत्काउँदा सोही बेलादेखि काम रोकिएको थियो । त्यस लगत्तै देशमा सङ्घीयता आएपछि सडकको स्वामित्व कसले लिने बहस शुरू भयो । अन्तमा सङ्घ सरकारले सो सडक बनाउन पुरानै ठेक्कालाई सदर गर्दै मूअकसहित ५ करोड १ लाख ७० हजार निकासा दिएपछि अहिले काम शुरू भएको छ।

स्थानीयले विकासको लागि आफ्नो घर आफैं भत्काउने गरेका छन् । तर त्यसमा पनि अहिले स्थानीय सरकारले ठाडो हस्तक्षेप गरेपछि विवाद शुरू भएको छ । लालपुर्जा अनुसारको जग्गामा बनाएको घर तोड्नुपरिरहेको तर केही नेताले आफ्ना कार्यकर्ताको घर बचाउन अनेक जालझेल गरिरहेको स्थानीय राजकुमार गुप्ताको भनाइ छ ।

कतै निजी घर तोडफोड भइरहेको छ, भने कतै अरूको घर बचाउने प्रयासका कारण आफूहरू दुःखित भएको गुप्ताको भनाइ छ। बखरी तथा लङ्गडीका सयौं घरधनी अहिले घरविहीन भएका छन्, विकासको लागि निकास हामी दियौं तर त्यसमा पनि राजनीति गर्नु गलत भएको टिप्पणी उनले गरे । सङ्घ सरकारले नालासहित कालोपत्र गर्न चालू आर्थिक मसान्तसम्म समयावधि तोकेको छ। सोही अनुसार अहिले काम भइरहेको छ। पप्पु/अङ्कित/रञ्जन जेभीका ठेकेदार सुरेश कुर्मीका अनुसार आफू तयार रहे पनि साइट क्लियर गर्ने गापाको जिम्मेवारी रहेकोले काममा ढिलाइ भइरहेको छ।

समय कम छ, बाटो फाइनल गर्न असार मसान्त तोकिएकोले विवादभन्दा निकासतिर जान स्थानीयहरूलाई अपील गरेका छौं। तर सबै ठाउँमा राजनीति छ, धोबिनी पनि अछूतो छैन, नेताहरूले भेदभाव गर्नु स्वाभाविक भएको उनले बताए ।

## प्रदेश २ ले पर्सा, बारामा ४२ करोडमा पाँचवटा पुल निर्माण गर्दै

प्रस, परवानीपुर, ४ वैशाख/

प्रदेश २ को करीब साढे ४२ करोडको बजेटमा पर्सा र बाराका ग्रामीण भेगमा पाँचवटा पुलको निर्माण कार्य गर्ने योजना अघि बढेको छ ।

गत माघ २९ गते प्रदेश २ को भौतिक पूर्वाधार विकास कार्यालय वीरगंजले टेन्डर आह्वान गरी पाँचवटा ठेक्काको लागि ठेकेदार छनोट प्रक्रिया अघि बढाएको कार्यालयका सूचना अधिकारी इन्जिनीयर दीपक मिश्रले जानकारी गराए । पाँचवटै पुलको प्राविधिक मूल्याङ्कन सकेर प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयसँग स्वीकृतिको लागि फाइल पठाएको र स्वीकृति आएपछि वित्तीय मूल्याङ्कन गरी ठेकेदार छनोट गरी कार्य सम्पन्न गराउन ठेक्का सम्झौता गरिने उनले बताए । उनका अनुसार पर्साको रविदास–बन्जारी जोड्ने सिकटा खोलामा करीब १२ करोड रूपैयाँको लागतमा ७ मिटर चौडा र ५० मिटर लम्बाइको पुल र मसियानी–जगरनाथपुरबीच मधुवाहा खोला ७ मिटर चौडा र ४० मिटर लम्बाइको पुलको लागि ८ करोड बजेट इस्टिमेट गरिएको छ ।

त्यसैगरी, बाराको कलैया–प्रस्टोका सडकखण्डबीच सन्सारीमाई खोला पुलको लागि साढे ६ करोड बजेट इस्टिमेट भएको छ। उक्त पुल ७ मिटर चौडा र



प्रदेश २ को भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यालय । तस्वीरः प्रतीक

२५ मिटर लम्बाइको लागि ठेक्का आह्वान भएको छ। बाराकै टियर खोला पुलको लागि ८ करोड बजेट विनियोजन भएको छ । इटहर–बेलाही सडकखण्ड बीच बन्ने उक्त पुल ७ मिटर चौडा र ५० मिटर लम्बाइको हुनेछ ।

त्यसैगरी, बारागढी–टेढाकट्टी सडकखण्डबीच बन्ने चिउटाहा खोला पुलको लागि प्रदेश २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले ८ करोडको लागत इस्टिमेट गरेको छ। ७ मिटर चौडा र ४० मिटर लम्बाइको पुलको लागि पनि ठेक्का आह्वान भएको उनले जानकारी गराए । उनले पाँचवटा पुलमा ठेक्का प्रक्रिया अघि बढाउन १/१ करोड बजेट हाल निकासा भइसकेको र ठेक्का सकार भएपछि बाँकी बजेट प्रदेश सरकारले पठाउनेछ ।

## शहीद हीरालाल गौतमको सालिकमा माल्यार्पण

प्रस, निजगढ, ४ वैशाख/

शहीद दिवसको अवसरमा शहीद हीरालाल गौतमको सालिकमा माल्यार्पण गरिएको छ। जनआन्दोलन २०६२/०६३ मा निजगढ बागदेव निवासी शहीद हीरालाल गौतमको सालिकमा शनिवार श्रद्धाञ्जलि अर्पण गरिएको छ ।

राजतन्त्रविरुद्ध आन्दोलनको क्रममा निजगढ सङ्गम चोकमा भएको प्रदर्शनमा तत्कालीन शाही सेनाले चलाएको गोली लागेर गौतमले शहादत प्राप्त गरेका थिए। देशमा लोकतन्त्र स्थापित भएसँगै सङ्गमचोकलाई शहीदचोक नामकरण गरिएको थियो । राजतन्त्रको अन्त्यपछि देशको विकास, समृद्धि, रोजगार, किसान, व्यापारी, विद्यार्थी, मजदूरलगायत सामान्य जनजीवनमा आमूल परिवर्तन आउने आशामा गरिए पनि अहिलेसम्म सो आशा पूर्णरूपमा सफल हुन नसकेको भन्दै श्रद्धाञ्जलि सभामा वक्ताहरूले चिन्ता व्यक्त गरे । पूर्वमन्त्री एवं शहीद मुखलाल स्मृति प्रतिष्ठान नेपालका अध्यक्ष पुरुषोत्तम पौडेलको मुख्य आतिथ्यमा भएको कार्यक्रममा शहीद गौतमका पिता टङ्कनाथ उपाध्याय पौडेल र माता रत्नकुमारीको स्मृतिमा ४ लाख रकमको अक्षयकोष खडा गर्ने शहीद मुखलाल स्मृति प्रतिष्ठानका अध्यक्ष पौडेलले घोषणा गरे ।

प्रत्येक वर्ष वैशाख ४ गते शहीद दिवसको अवसर पारेर जिल्लाका एकजना नवप्रतिभा उत्कृष्ट विद्यार्थी, एकजना निजगढको सामुदायिक विद्यालयका र एकजना कलेजका उत्कृष्ट विद्यार्थीलाई जनही रु १०/१० हजार पुरस्कार दिइने र हरेक वर्ष फरक–फरक विद्याका युवालाई समेत सो पुरस्कार प्रदान गर्ने जनाइएको छ ।

कार्यक्रममा शहीद पत्नी गायत्री गौतम, एकबहादुर श्रेष्ठ, थलप्रसाद गौतम, जयराम कुमर, दुर्गा कोइराला, रविराज दङ्गाल, सुदर्शन कोइरालालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन गोकुल घोरसाइनेले गरेका थिए।



शहीद पत्नी गायत्री गौतम शहीद हीरालाल गौतमको सालिकमा माल्यार्पण गर्दै। तस्वीरः जीतलाल श्रेष्ठ

## जयनगर–बर्दिवास प्रथम खण्डमा वैशाख महीनाभित्रै रेल चल्छ –मन्त्री नेम्वाङ

प्रस, महोत्तरी, ४ वैशाख/

सङ्घीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले शनिवार महोत्तरीको बर्दिवासस्थित प्रस्तावित रेलवे स्टेशन क्षेत्रको अवलोकन एवं निरीक्षण गरेका छन् । सो क्रममा उनले जयनगर–बर्दिवास रेलवेको प्रथम खण्डमा यही वैशाख महीनाभित्रै रेल सञ्चालन हुने बताएका छन् ।

रेल विभागका महानिर्देशक प्रमिला बज्राचार्य, नेपाल रेलवे कम्पनीका महाप्रबन्धक गुरुप्रसाद भट्टराईलगायतका अधिकारीहरूको सहभागिता रहेको टोलीले पूर्व–पश्चिम र जयनगर–बर्दिवास रेलवेको कामको अनुगमन तथा रेल सञ्चालनको तयारीबारे निरीक्षण गरेका हुन् । निरीक्षणपछि मन्त्री नेम्वाङले जयनगर–बर्दिवास रेलवेको प्रथम खण्डमा वैशाखभित्रै रेलसेवा सञ्चालन गर्न सकिने बताएका हुन् ।

मन्त्री नेम्वाङले बर्दिवासमा सञ्चारकर्मीसँग कुरा गर्दै भने, "अब जनशक्ति व्यवस्थापनको अन्तिम चाँजो मिलाइँदैछ, यो वैशाख महीनाभित्रै प्रथम खण्डमा रेल चल्छ ।"

जयनगर–बर्दिवास रेलवे परियोजनाको ६९ किलोमिटर दूरीमध्ये कुर्थादेखि जयनगरसम्मको लिक निर्माण गत वर्ष नै सम्पन्न भएको हो । सोको प्रथम खण्ड जयनगरदेखि कुर्थासम्मको ३४ किलोमिटरमा रेल सञ्चालनको तयारी पूरा भएको छ ।

अहिले प्रथम खण्ड तयार भएर सेवा सञ्चालनको तयारी गरिएको र दोस्रो खण्डको काम एक महीनाभित्रै सम्पन्न हुने र सो खण्डमा पनि यसै असार मसान्तभित्रै रेलसेवा सञ्चालनमा आइसक्ने नेपाल रेलवे कम्पनी लिमिटेडले जनाएको छ ।

## मकवानपुरमा यात्रु ओर्लिन नपाइने

प्रस, मकवानपुर, ४ वैशाख/

कोरोनाको महामारीलाई मध्यनजर गर्दै प्रदेश २ लगायत अन्यत्रबाट मकवानपुर प्रवेशमा रोक लगाइएको छ। मकवानपुरस्थित 'कमान्ड पोस्ट'को बैठकले सो निर्णय गरेको हो ।

मकवानपुर जिल्ला र प्रदेश नं २ को सीमा चुरियानाका भएर मकवानपुर प्रवेश गर्ने पैदल यात्रुलाई पूर्णरूपमा रोक लगाएको छ। ठूला सवारीसाधनले प्रवेश पाए पनि जिल्लाभित्र यात्रु ओराल्न नपाइने निर्णय भएको छ। "प्रदेश २ वा तराईका जिल्लाहरूबाट पैदल होस् वा सवारीसाधनमा कोही पनि मकवानपुर भित्रिन पाउनेछैनन् । छिमेकी जिल्लामा कोरोना सङ्क्रमणको दर बढेपछि यस्तो निर्णय गर्नुपरेको हो," जिल्ला प्रशासन कार्यालय मकवानपुरका सूचना अधिकारी देवचन्द्र गर्तौलाले सञ्चारकर्मीहरूलाई जानकारी गराए ।

खाद्यान्न तथा अत्यावश्यक सामग्री बोकेका सवारीसाधन मकवानपुरको हाइवे भएर जान पाउने तर रोकेर यात्रु ओराल्न

(बाँकी अन्तिम पातामा)

## कोरोना सङ्क्रमणबाट बच्न सामग्रीहरू हस्तान्तरण




अस्पतालका लागि स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै। तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ वैशाख/

इम्प्याक्ट नेपाल र रूँगटा वेलफेयर कान उपचार केन्द्रले नारायणी अस्पतालका स्वास्थ्यकर्मीहरूका लागि कोरोना सङ्क्रमणबाट जोगिन स्वास्थ्य सामग्रीहरू हस्तान्तरण गरेका छन् ।

अस्पतालका निमित्त मेसु डा एनामुल हकलाई इम्प्याक्ट नेपालका परियोजना अधिकृत सुवास कोइरालाले मास्क, ग्लब्स, आइआर थर्मामिटर, सुज कभर, हेड कभर, सेनिटाइजरलगायतका स्वास्थ्य सामग्रीहरू हस्तान्तरण गरेका थिए ।

सो अवसरमा अस्पतालका कर्मचारी एवं इम्प्याक्ट नेपालका जयनारायण खाँ थारू, वीरगंज महानगरपालिका कार्यालयका जाहिर आलमलगायतको सहभागिता थियो ।

## बारा र पर्सामा शनिवार ४५ जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, ४ वैशाख/

पर्सा र बारामा शनिवार ४५ जना कोरोना सङ्क्रमित पुष्टि भएका छन् ।

नारायणी अस्पतालको पिसिआर ल्याबमा ९० जनाको स्वाब नमूना सङ्कलन गरी परीक्षण गरिएकोमा ४५ जनामा पोजिटिभ देखिएको अस्पतालका कोरोना संयोजक डा सरोजरोशन दासले बताए।

४५ जना सङ्क्रमितमा बाराका ६ जना र पर्साका ३९ जना सङ्क्रमित छन्।

सङ्क्रमित मध्ये १९ जना महिला र २६ जना पुरुष छन् र उनीहरूको उमेर ६ वर्षदेखि ८२ वर्षसम्म छ ।

शनिवार सङ्क्रमित पुष्टि भएका ४५ जनाको सिटी भ्यालु १४.६ देखि ३५ सम्म छ । सङ्क्रमितमध्ये १४ जनालाई अस्पतालमा भर्ना गरिएको कोरोना संयोजक डा दासले बताए ।

**शब्दको दाँत हुँदैन तर शब्दले जब टोक्छ, तब निकै पीडा हुन्छ ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नयाँ वर्ष : पीडा पुरानै, अपेक्षा नयाँ

**समयान्तर**




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सरकारले इमानदारी अपनाउने हो भने निजी क्षेत्रले ल्याएको विकास अवधारणा पनि तत्कालका निम्ति कोरोना महामारीको असर न्यूनीकरण र विकासको दीर्घकालीन सन्दर्भ सामग्री हुन सक्छ ।**

वर्ष २०७७ कोरोना महामारीको सन्त्रास र सकसमा बित्यो । महामारीले कतिको ज्यान लग्यो, आर्थिक उपार्जन र समग्र अर्थतन्त्र नै सङ्कटमा गुज्रिन बाध्य भयो । अर्थ–सामाजिक दैनिकी महामारीको असरबाट बौरिने प्रयत्न गरिरहेकै बेला पुनः महामारीको दोस्रो लहर शुरू भएको छ । नयाँ वर्ष २०७८ को सुरुआतसँगै कोरोना महामारीबाट दैनिकी पुनः त्रस्त बनेको छ । तथापि नयाँ वर्ष सकारात्मक बन्नेमा आशावादी बन्नुपरेको छ । यसका लागि कोरोना महामारीको नियन्त्रणका उपाय र अर्थतन्त्रलाई चलायमान बनाउन सतर्कतासहितका उपायहरू अपरिहार्य छन् ।

कोरोना महामारी नियन्त्रणका उपाय अपनाउँदा गत वर्षजस्तो सर्वसाधारणको दैनिकी नै ठप्प पार्ने काम गरिनुहुँदैन । बितेको वर्ष कोरोना महामारी नयाँ थियो । सावधानीका उपायमा अन्योल थियो । उपचार थिएन । अहिले अवस्था त्यस्तो छैन । खोप आइसकेको छ । खोप लगाउने काम शुरू भइसकेकाले यसलाई थप तीव्र र प्रभावकारी बनाइनुपर्दछ । आपत्कालीन औषधिहरूको उपलब्धता सहज बनाउनुपर्दछ । सरकारले खोप र आपत्कालीन औषधिको आपूर्तिमा निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्दछ । यसो गर्दा सक्नेले पैसा तिरेर पनि खोप लगाउन सक्छन् । सरकारको खर्चमा बचत हुन्छ । यसरी बचेको रकम सरकारले स्वास्थ्य उपचारका पूर्वाधारमा लगाउनुपर्दछ । उपचारका पूर्वाधार, स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्य मापदण्डको पालनाजस्ता पक्ष अझै पनि निकै कमजोर छन् । यस्ता पक्षमा सरकारले यथेष्ट ध्यान दिनुपर्दछ । छिमेकी देश भारतमा कोरोना महामारी तीव्र गतिमा फैलिएको छ । खुला सिमानाबाट नेपाल भित्रिने सङ्ख्या बढिरहेको छ । सिमानामा सतर्कता पालनाको अवस्था अत्यन्तै कमजोर छ । कोरोनाको दोस्रो लहर पहिलेको भन्दा चाँडो फैलिने खालको छ भनिएको छ, सतर्कता र पूर्वाधार भने पहिलेको जति पनि देखिएको छैन ।

कोरोना महामारी लामो समयसम्म रहँदा सर्वसाधारणमा यसप्रति हेलचक्रयाइँको प्रवृत्ति बढेर गएको छ । शुरूमा केही सतर्कता भएपनि अहिले कोरोना केही होइन भन्ने जमात बढेर गएको देखिन्छ । जस्तो कि अहिले पनि बजार र भीडभाड हुने स्थानमा अधिकांश मानिसले मास्क लगाएका देखिंदैनन् । बारम्बार हात धुने वा सेनिटाइजर प्रयोगको बानी बसेको छैन । सरकारले २५ जनाभन्दा बढी भेला नहुन भनिरहेको छ, तर सरकारकै सहभागितामा सयौं मानिसको जमघट हुने गरी सभा–सम्मेलन भइरहेका छन् । अहिले दैनिकजसो ५००–१००० जना सङ्क्रमित भेटिन थालेका छन् । सरकार आफैं सतर्कताका उपाय पालना नगरेमा कडा लकडाउनको चेतावनी दिन्छ, तर सभा–सम्मेलन जस्ता जमघट गर्न छोड्दैन । सरकारी निकायले सतर्कताका आधारभूत मापदण्डको कडाइका साथ पालना नगर्ने र नगराउने हो भने अवस्था नियन्त्रणबाहिर जान सक्छ ।

केही हप्तायता सङ्क्रमितको सङ्ख्या बढ्दै गएको र नयाँ भेरिएन्ट आएको पुष्टि भएको छ । नयाँ रणनीतिका साथ अगाडि बढ्नुपर्नेमा सरकारी तयारी अत्यन्तै फितलो देखिएको छ । कोरोना महामारीको त्रास त छँदैछ, त्योभन्दा बढी त्रासको विषय विगत जस्तो बन्दाबन्दी र निषेधाज्ञा हुने हो कि भन्ने छ । कोरोनाबारे जानकारी नभएको शुरूको अवस्थामा देखासिकीमा बन्दाबन्दी गरिएको थियो । भारतले जेजसो गऱ्यो हामीले त्यसै गरेका थियौं । सरकारले विगतमा भएका कमीकमजोरीको विश्लेषण गरी रणनीति बनाउनुपर्दछ । बन्दाबन्दी अर्थतन्त्रका लागि निकै घातक हुनेमा विवाद आवश्यक छैन । कोरोना महामारी सबै क्षेत्रमा समानरूपमा नफैलिएकोले यसबारे नियन्त्रणका उपाय अपनाउने जिम्मा स्थानीय सरकारलाई दिने हो भने बढी प्रभावकारी हुन सक्छ । तर तहगत सरकारबीच विगतमा जस्तो समन्वयको कमी र असमझदारीको पुनरावृत्ति भने हुनुहुँदैन ।

कोरोना महामारीले अर्थतन्त्रमा धक्का पुऱ्याउनु अस्वाभाविक थिएन । विश्व अर्थतन्त्र प्रभावित भएका बेला हामीजस्तो परनिर्भर अर्थतन्त्र त्यसको प्रभावबाट बच्न सक्ने कुरा पनि भएन । परिणाम, अर्थतन्त्र ऋणात्मक भई पहिलोपटक मुलुक मन्दीमा गयो । कोरोनाले १२ लाख नेपालीलाई गरीबीतर्फ धकेलेको छ । १५ लाखभन्दा बढी मानिसको रोजगार गएको छ तथ्याङ्क छ । उद्योगधन्धा, व्यापार, कृषि, पर्यटनलगायतका अर्थतन्त्रका प्रत्येक सरोकार प्रभावित छन् । अर्थतन्त्रमा ऋणको मात्रा बढ्दै गएको छ । तीन वर्षअघि जिडिपीको अनुपातमा ऋणको अंश २६ दशमलव ५ रहेकामा आगामी वर्ष ४७ दशमलव ९ प्रतिशत पुग्ने अनुमान विश्व बैंकको छ । यसरी लिएको ऋणको सही उपयोग भने हुन सकिरहेको देखिंदैन ।

अबको पाँच वर्षमा नेपाल अतिकम विकसित देशबाट विकासशीलको सूचीमा स्तरोन्नति हुन गइरहेको छ । यस्तो विकास साझेदारहरूले दिने सहयोग वृद्धि भएपनि त्यसमा ऋणको भार बढी हुनेछ । विश्व बैंक, एशियाली विकास बैंकजस्ता संस्थाले नेपालको ऋण तिर्ने क्षमतामा सुधार आएकोले अनुदान सहायता घटाउँदै लगेका छन् । यसले ऋणको भार बढ्ने भएपनि नेपालको अर्थतन्त्र बलियो हुँदै गएको सन्देश दिन्छ । ऋणमा दाताको स्वार्थ कम हुँदा आवश्यकताका क्षेत्रमा खर्च गर्न सकिन्छ । यस्तो रकम पूर्वाधार निर्माणमा लगाइने भएकोले अत्यावश्यकीय र व्यावसायिक लाभको सम्भाव्यताका योजनामा रकम खर्च गरिनुपर्दछ । पूर्वाधारका क्षेत्रमा प्रभावकारी खर्चले माग र उत्पादन हुँदै अर्थतन्त्रमा चक्रीय सुधार ल्याउँछ ।

विश्व बैंकले नेपालको निर्यात क्षमता ९ अर्ब अमेरिकी डलर रहेको बताएको छ । तर निर्यातको आकार १ अर्ब डलर पनि पुग्न सकेको छैन । उत्पादनका आयामहरूलाई सस्तो र प्रतिस्पर्धी बनाउने हो भने निर्यात अभिवृद्धिको सम्भावना नभएको होइन । यसका लागि सरकारी नीति उत्पादनमैत्री हुनु आवश्यक छ, हामीकहाँ यसको चरम अभाव छ । सरकारले अल्पकालीन राजस्व लाभलाई उद्देश्यमा राखेर अर्थतन्त्रको दीर्घकालीन समृद्धिलाई बेवास्ता गरिराखेको भान हुन्छ ।

निजी क्षेत्रको संस्था नेपाल उद्योग वाणिज्य महासङ्घले १० वर्षभित्र मुलुकको अर्थतन्त्र १ सय अर्ब डलरको बनाउने र २२ लाख रोजगार सृजना गर्ने योजना अघि सारेको छ । महासङ्घको भिजन पेपर अनुसार ३४ अर्ब डलरको वर्तमान अर्थतन्त्रलाई १ सय अर्ब डलर बनाउन १ सय ५० अर्ब डलर लगानी चाहिने र त्यसमा १ सय ८ अर्ब डलर निजी क्षेत्रले लगानी गर्ने लक्ष्य समेटिएको छ । निजी क्षेत्रका सङ्घसंस्थाले यस्ता योजना बनाए पनि सरकारले त्यसको स्वामित्व लिएर कार्यान्वयनको आधार निर्माण गरिदिनुपर्दछ । यी योजना कार्यान्वयनका निम्ति नीतिगत र कानूनी सुधार प्राथमिक शर्तको रूपमा अघि सारिएका छन् । यसको पूर्णता सरकारको काम हो । प्रधानमन्त्री केपीशर्मा ओलीले नै पटक–पटक कानून सुधारको प्रतिबद्धता गरेका छन् । प्रतिबद्धता अनुसार काम भएको देखिएको छैन । सरकारले इमानदारी अपनाउने हो भने निजी क्षेत्रले ल्याएको विकास अवधारणा पनि तत्कालका निम्ति कोरोना महामारीको असर न्यूनीकरण र विकासको दीर्घकालीन सन्दर्भ सामग्री हुन सक्छ ।

सरकारले कोरोना महामारीलाई नियन्त्रण, यसको असर न्यूनीकरण र अर्थतन्त्रको उत्थानका लागि हरेक क्षेत्रमा अनुशासनको पालना गर्नु/गराउनु पर्दछ । सरकारले आगामी आव २०७८/७९ को बजेटमा एकातिर स्वास्थ्यमा लगानी बढाउनुपर्ने अवस्था छ, अर्कातिर अर्थतन्त्र उकास्न प्रोत्साहनमूलक योजनाको अपेक्षा गरिएको छ । यस कारण पनि लोकरिझ्याइँभन्दा यथार्थ आवश्यकताका आधारमा बजेट बनाइनुपर्दछ । यसो त सरकारले हरेक वर्ष बजेटमा अनुशासन र पारदर्शिताको प्रतिबद्धता दोहोऱ्याएकै छ । तर कार्यान्वयनमा अनुशासन देख्न पाइएको छैन । विकास खर्च निराशाजक भएपनि नयाँ योजनाहरूको कमी देखिंदैन । यसबाट योजना कार्यान्वयनमा समय लाग्ने र लामो समयसम्म योजना पूरा नहुँदा खर्च बढेर जाने समस्या छ । यसै पनि राजस्वबाट साधारण खर्चसमेत धान्न नसकिएको अवस्थामा कोरोना महामारीका कारण स्रोतमा दबाब पर्ने निश्चित छ । यस्तोमा प्रभाव र दबाबमा अनावश्यक योजना ल्याउनुहुँदैन । मनपरी तरीकाले आयोजना थप्ने र वर्षको अन्त्यमा रकमान्तरको अभ्यास डरलाग्दो तरीकाले बढेको छ । वर्षको अन्त्यमा खर्चको परिपाटी भ्रष्टाचारको कारण बनेको छ । महालेखा परीक्षकको कार्यालय र संसदीय समितिहरूले बारम्बार यसबारे प्रश्न उठाएका छन् । अर्थ मन्त्रालयले यो विकृति रोक्न सकेको छैन । यस्तो प्रवृत्तिले अर्थतन्त्रलाई कमजोर बनाइराखेको छ । अहिले कोरोना महामारीको असरलाई न्यूनीकरण गर्ने उद्देश्यका निम्ति पनि यस्ता विकृतिको निदानमा विशेष सावधानीको खाँचो छ ।

# ईर्ष्यारूपी विषबाट कसरी जोगिने ?

ईर्ष्या एउटा घातक रोग हो, मनोविकार हो । यो निकै विषालु र नकारात्मक भावना हो । यो आँगनको त्यो आगोजस्तो हो, जुन ईर्ष्यालु मानिसको मन–मस्तिष्कमा निरन्तर बलिरहन्छ ।

ईर्ष्यालु व्यक्ति मानसिक रोगी त हुन्छ नै, उसको शरीर पनि रुग्ण हुन जान्छ । उसको आत्मबल, आत्मविश्वास समाप्त भएर जान्छ । ऊ भित्रबाट जर्जर हुन्छ । उसको ओज, तेज, वर्चस् सबै समाप्त हुँदै जान्छ । उसको अनुहारमा सधैं अपराधीजस्तो कालिमा देखिन थाल्छ । उसको जीवनको सौन्दर्य, सुख, शान्ति आदि समाप्त हुन्छ । फलतः भौतिक र आध्यात्मिक, दुवै दृष्टिले उसको पतन हुन थाल्छ । युगऋषि श्रीराम शर्माले ठीकै भनेका छन् कि ईर्ष्याले व्यक्तिलाई त्यसैगरी खान्छ, जसरी धमिराले कागज खान्छ ।

**ईर्ष्याबाट जोगिने अमोघ उपाय हो, आफूमाथि पूरा भरोसा राख्नु । जसरी युगऋषि श्रीराम शर्माले भनेका छन्– “विश्वास गरौं कि हामी यस संसारमा सबैभन्दा महत्त्वपूर्ण व्यक्ति हौं । यस विश्वासको बलले हामी दुनियाँको प्रत्येक ठूलोभन्दा ठूलो उपलब्धि हासिल गर्न सक्छौं ।**

अन्ततः यसले त्यस व्यक्तिको शारीरिक, मानसिक र भावनात्मक ऊर्जा डढाएर उसलाई दुर्बल बनाइदिन्छ, जसले मानिस जीवनमा पाइला–पाइलामा अपमान र असफलता बेहोर्न विवश हुन्छ । ईर्ष्याले मानिसलाई अल्छी, अकर्मण्य र निराशावादी बनाइदिन्छ, फलस्वरूप शक्ति, सामर्थ्य र प्रतिभा रहँदारहँदै पनि ऊ जीवनमा भौतिक र आध्यात्मिक, दुवै दृष्टिले दीन–दुर्बल बन्न पुग्छ ।

ईर्ष्या मानिसको एउटा हीन भावना हो, जसका कारण मानिस सोच्दछ, यदि मसँग त्यो वस्तु छैन भने अरूसँग पनि किन होस् ? यदि मलाई फलानो काममा सफलता प्राप्त भएन भने अरूले किन पाओस् ? ऊ अरूको भलाइबाट, सफलताबाट प्रेरणा लिनुको साटो सधैं अरूको सुख–शान्ति, सफलता र समृद्धि देखेर भुटभुटिइरहन्छ । ऊ सधैं यही सोचिरहन्छ कि अघि बढिरहेको मानिसको बाटोमा कसरी व्यवधान हालूँ ? उसलाई कसरी होच्याउँ ? कसरी समाजमा उसको इज्जत जाओस् ? र कसरी उसको खुशी खोसूँ ?

सत्य कुरा त यो हो कि अरूको बाटोमा व्यवधान हाल्ने, अरूलाई होच्याउने कार्यले कहिले कसैको भलो हुँदैन, अपितु यसबाट उसकै बाटो बाधित हुन्छ, ऊ स्वयम् अरूको सामु हाँसोको पात्र बन्दछ । आफ्नो कर्तुतमाथि उसलाई स्वयम् ग्लानि हुन्छ, जसले उसको स्वयंको सुख–शान्ति हराउँछ । उसको स्वयंको खुशी समाप्त हुन्छ र उसको स्वयंको जीवनमा श्मशानजस्तो निरवता व्याप्त हुन्छ । अतः जुन ईर्ष्याले हामी अरूलाई पिरोल्न निस्कन्छौं, त्यसमा हामी आफैं रापिन थाल्छौं ।

ईर्ष्या गर्दा हाम्रो दिमागको स्नायु सङ्कुचित हुन्छ, जसको प्रभाव हाम्रो अन्तर्मनमा पर्छ र अन्ततः त्यसको प्रभाव हाम्रो चिन्तन, चरित्र, व्यवहार, स्वभाव र जीवनशैलीमा पनि पर्छ । हामीमा झर्कने बानी बस्छ र घरपरिवारको वातावरण कलहपूर्ण बन्न जान्छ । त्यो व्यक्ति झगडालू बन्न पुग्छ । उसको कहीं कोही मित्र हुँदैन र जो हुन्छ, ऊ पनि पन्छिन थाल्छ । फलतः घरपरिवार, समाजमा उसको कुनै इज्जत रहँदैन । अन्ततः ऊ आफूलाई एक्लो पाएर आत्मग्लानिले भरिन्छ । अतः ऊ आत्मघात, आत्महत्याजस्तो पाइला चाल्न विवश हुन पुग्छ ।

ईर्ष्याको घातक प्रभाव र परिणाम विषयमा एउटा निकै रोचक कथा छ । एकपटक एकजना महात्माले आफ्ना शिष्यहरूलाई अनुरोध गरे कि अघिल्लो दिन प्रवचनमा आउँदा सबैले एउटा ब्यागमा ठूलो आलु लिंदै आउन् र त्यस आलुमा त्यस व्यक्तिको नाम लेखेर ल्याउन् जोसँग उसलाई ईर्ष्या छ । जो मानिस जति मानिसहरूसँग घृणा गर्दछ, उसले त्यति नै आलु ल्याउनुपर्छ । अघिल्लो दिन सबैले आलु लिएर आए, कसैले चारवटा आलु ल्याएको थियो भने कसैले छवटा, कसैले आठवटा र प्रत्येक आलुमा त्यस व्यक्तिको नाम लेखिएको थियो, जससँग ऊ घृणा गर्दथ्यो ।

त्यसपछि महात्माजीले भने आउँदो सात दिनसम्म आलु सबैले सधैं आफूसँगै राख्नू, जहाँ गए पनि, खाँदा–पिउँदा, उठ्दा–बस्दा, सुत्दा–जाग्दा, हाँस्दा–बोल्दा सधैं आफूसँगै राख्नू । शिष्यहरूले केही बुझ्न सकेनन् आखिर महात्माजी किन यस्तो भन्दैछन् । शिष्यहरूले महात्माजीको आदेश त पालन गर्नु नै थियो । सबै शिष्यले महात्माजीको आदेश अक्षरशः पालन गरे । दुई/तीन दिनसम्म उनीहरू उठ्दा–बस्दा, सुत्दा–जाग्दा, खाँदा–पिउँदा हिंड्दा–डुल्दा आलु आफूसाथ बोकेर हिंडे ।

यस्तो गर्नु उनीहरूलाई बडो विचित्र लागिरहेको थियो । जोसँग जति बढी आलु थियो, ऊ उत्तिकै दुःखी थियो, र अप्ठ्यारो मानिरहेको थियो । शिष्यहरू आपसमा आआफ्नो कष्ट र कठिनाइबारे कुरा गर्दथे । शिष्यहरूले जसोतसो सात दिन बिताए र आठौं दिन महात्माजीको शरणमा पुगे । महात्माजीले भने आआफ्नो आलुको ब्याग राखिदेऊ । शिष्यहरूले चैनको सास लिए । महात्माजीले शिष्यहरूसँग सोधे– “विगत सात दिनको तिमीहरूको अनुभव कस्तो रह्यो ?” शिष्यहरूले आआफ्नो भोगाइ सुनाए । सबैले आआफ्नो कष्टको विवरण दिए, आलु गन्हाएर भएको दुःखको बखान गरे ।

सबैले यही भने कि सधैं आलु बोकेर हिंड्दा हुने दुःखबाट मुक्त भएर अब हलुको महसूस भइरहेको छ । महात्माजीले भने– “मैले तिमीहरू यही महसूस गर भनेर यस्तो निर्देश गरेको हुँ । जब सात दिनमा नै यी आलु तिमीहरूलाई गन्हाउन थाल्यो, भारी लाग्न थाल्यो भने सोच तिमीहरू जो मानिससँग ईर्ष्या गर्दछौ, घृणा गर्दछौ, त्यसले तिमीहरूको मनमा कति भार पर्दो होला र त्यो भार तिमीहरू जिन्दगीभरि बोकेर हिंडिरहन्छौ ।”

महात्माजीले फेरि भने– “अलि सोच त तिम्रा मन र मस्तिष्कमा यस ईर्ष्याको भारीले कति दुःख ल्याउँदो होला । यो ईर्ष्याले तिमीहरूको मनमा अनावश्यक भारी बढाइरहन्छ । त्यसले गर्दा तिमीहरूको मनमा सधैं दुर्गन्ध फिंजाइरहन्छ, ठीक त्यै आलुले जस्तै । त्यसैले तिमीहरू सबैले आफ्नो मनबाट ईर्ष्याजस्तो नकारात्मक भावनाको भारी बिसाइदेऊ ।”

महात्माजीको कुराले सबै शिष्यको चित्त बुझ्यो । सबै महात्माजीको चरणमा नतमस्तक भए र त्यसै दिनदेखि ईर्ष्यामुक्त जीवन बाँच्ने प्रेरणा र सङ्कल्प लिएर आआफ्नो घरतिर लागे । हामी सबैका लागि पनि यस कथामा एउटा अमूल्य प्रेरणा छ, सन्देश छ । त्यो के भने ईर्ष्याको अनावश्यक भारी हामी आफ्नो मन–मस्तिष्कमा किन बोकिहिंड्ने ? ईर्ष्याजस्तो बोर्सीको आगो मन–मस्तिष्कमा राखेर स्वयंलाई किन ताप दिने ? हामीले किन आफ्नो ऊर्जाको क्षरण गरेर आफ्नै जीवनको हानि गर्ने ? प्रश्न उठ्छ, ईर्ष्याको घातक विषबाट हामीले आफूलाई कसरी जोगाउने ?

ईर्ष्याबाट जोगिने अमोघ उपाय हो, आफूमाथि पूरा भरोसा राख्नु । जसरी युगऋषि श्रीराम शर्माले भनेका छन्– “विश्वास गरौं कि हामी यस संसारमा सबैभन्दा महत्त्वपूर्ण व्यक्ति हौं । यस विश्वासको बलले हामी दुनियाँको प्रत्येक ठूलोभन्दा ठूलो उपलब्धि हासिल गर्न सक्छौं । दोस्रो हामी आफ्ना ती कमीकमजोरीको पहिचान गरौं, जुन हाम्रो असफलता र असन्तोषको कारण बनेको छ, अथवा हुनेछ । हामी ठूलोभन्दा ठूलो सफलता प्राप्त गरेर अर्काका लागि आदर्श उदाहरण र प्रेरणा बनौं र अरूलाई पनि अगाडि बढ्न–बढाउन आफ्नो अमूल्य योगदान दिऔं । यसबाट व्यक्तिको स्वयम् आफूभित्र आत्मविश्वास, आत्मबलको भावना जाग्छ, जसबाट शक्ति–सामर्थ्य पहिलेभन्दा कैयौं गुना बढी मात्र हुनेछैन, अपितु आफ्नै जीवनमा पहिलेभन्दा निकै बढी सफलता प्राप्त हुनेछ । व्यक्तिको आत्मसम्मान, आत्मगौरव बढ्नेछ; जसबाट अपार आत्मिक आनन्द प्राप्त हुनेछ । घरपरिवार, समाज सबै ठाउँमा सम्मान हुनेछ । यसले व्यक्तिलाई भौतिक तथा आध्यात्मिक, दुवै दृष्टिले लाभ नै लाभ हुनेछ ।”

यसका साथै आफूलाई ईश्वरको शरणागति दिएर नित्य ईश्वरको आराधना गरौं । करुणा, प्रेम, न्याय, सत्य, क्षमा आदि ईश्वरीय गुणको सदैव स्मरण गर्दै त्यसलाई आफ्नो अन्तस्मा उत्रन दिउँ । हृदयमा जब ईश्वरप्रति परम प्रेमको भावना हुँडलिन थाल्छ, तब त्यस हृदयबाट, मनबाट, मस्तिष्कबाट ईर्ष्या, घृणा आदि नकारात्मक भावनाहरू स्वयम् बाहिरिन्छन् र व्यक्तिको जीवनमा आनन्द नै आनन्दको साम्राज्य स्थापित हुन थाल्छ ।

यसबाहेक आफ्नो दिनचर्यामा स्वाध्यायलाई महत्त्वपूर्ण स्थान दिउँ । नियमित स्वाध्याय अन्तर्गत महापुरुषहरूका महान् जीवन प्रसङ्ग पढेर त्यसबाट प्रेरणा ग्रहण गरौं । स्वाध्यायद्वारा हामीमा पवित्र भावनाको सञ्चार हुन थाल्छ, जसबाट विपरीतभन्दा विपरीत परिस्थितिमा पनि हामीलाई साँचो मार्गमा, भलाइको मार्गमा हिंड्ने अदम्य साहस, सङ्कल्प र धैर्य प्राप्त भइरहन्छ ।

एउटा अर्को महत्त्वपूर्ण सूत्र के छ भने हामी सधैं सेवाको भावनाले ओतप्रोत रहौं, जसले हामी अर्काको सेवा गर्न सकौं र स्वयंलाई निश्छल, निष्कपट, निर्दोष बनाइराख्न सकौं । निस्सन्देह प्रेम र सेवाको पवित्र भावनाले भरिएका व्यक्तिहरूको जीवनमा ईर्ष्या, घृणाजस्तो नकारात्मक भावना प्रवेश गर्न सक्दैन । यसरी हामी ईर्ष्याको घातक विषबाट जोगिन्छौं र आफ्नो जीवनलाई सुख, सन्तोष, शान्ति एवं आत्मिक आनन्दले भर्न पनि सक्छौं ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## म्यान्मामा २३ हजार बन्दी रिहा हुने

याङ्गुन, ४ वैशाख/एएफपी

म्यानमाको जुन्ता सरकारले बन्दीगृहमा रहेका २३ हजारभन्दा बढी बन्दीलाई रिहा गर्ने तयारी गरेको छ।

देशभरका विभिन्न बन्दीगृहमा रहेकामध्ये कुल २३ हजारभन्दा बढीलाई नयाँ वर्षको अवसर पारेर रिहा गर्ने तयारी भएको हो।

लोकतान्त्रिक सरकारलाई अपदस्थ गर्दै सेनाले सत्ता नियन्त्रणमा लिएपछि भइरहेको आन्दोलनका क्रममा हजारौं आन्दोलनकारी अहिले बन्दी भएका छन्।

तिनै हजारौं बन्दीमध्ये केहीलाई रिहा गर्ने तयारी भएको एक उच्च अधिकारीले शनिवार जानकारी दिएका छन्।

म्यान्मामा परम्परागत बुद्ध धर्मावलम्बीको नयाँ वर्षको अवसरमा कैदीबन्दीलाई आममाफी दिने चलन अनुसार नै यसपटक बन्दीलाई रिहा गर्न लागिएको हो।

गत फेब्रुअरी १ देखि सेनाले सत्ता नियन्त्रणमा लिएपछि म्यानमामा अहिलेसम्म हजारौं मानिस गिरफ्तार भएका छन् भने सयौंजना घाइते भएका छन्। त्यसैगरी, ७०० भन्दा बढी मानिसको मृत्यु भएको जनाइएको छ।

मृत्यु भएकामध्ये कम्तीमा ५१ जना बालबालिका रहेको संयुक्त राष्ट्रसङ्घीय निकायले जनाएको छ। आन्दोलनका क्रममा सुरक्षाकर्मीको तर्फबाट भएको म्यान्मामा हिंसात्मक घटना भइरहेका छन्।



शनिवार जेलबाट रिहा भएका कैदी आफन्तको साथमा। तस्वीरः रायटर्स

हिंसामा परी उनीहरूको मृत्यु भएको राष्ट्रसङ्घीय अधिकारीको भनाइ छ।

आन्दोलनमा लागेको आरोपमा झन्डै एक हजार बालबालिकालाई सुरक्षाकर्मीले अझै पनि नियन्त्रणमा लिएको राष्ट्रसङ्घको तथ्याङ्कमा उल्लेख छ।

हिंसा रोक्न र शान्तिको बाटो रोज्न राष्ट्रसङ्घलगायतका धेरै निकाय र मुलुकले पटक–पटक आग्रह गरे पनि पछिल्लो संसदीय निर्वाचनको नतीजाप्रति असन्तुष्ट सेनाले फेरि निर्वाचन गराउने बहानामा म्यान्माको सत्ता हातमा लिएको छ।

तत्कालीन नयाँ संसद्को पहिलो बैठक बस्ने तय भएकै दिन फेब्रुअरी १ तारिखमा सेनाले शीर्ष नेतालाई थुनामा राखेर सत्ता नियन्त्रणमा लिएको घोषणा गरेको थियो। रासस

## भारतमा एकै दिनमा दुई लाख ३४ हजार सङ्क्रमित

नयाँ दिल्ली, ४ वैशाख/एएनआई

भारतमा कोरोनाभाइरसबाट एकै दिनमा दुई लाख ३४ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

एकै दिनमा यति धेरै सङ्क्रमित भएको यो नै पहिलोपटक भएको अधिकारीले शनिवार जानकारी दिएका छन्। उनीहरूका अनुसार पछिल्लो २४ घण्टामा भारतमा कोरोनाका कारण मात्रै एक हजार ३०० भन्दा बढी मानिसको मृत्यु भएको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कमा एक दिनमा एक हजार ३४१ जनाको मृत्यु भएको उल्लेख छ।

योसँगै देशभरि अहिलेसम्म कोरोनाका कारण कुल मृतकको सङ्ख्या एक लाख ७५ हजार ६४९ पुगेको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, पछिल्लो २४ घण्टामा दुई लाख ३४ हजार ६९२ जना सङ्क्रमित भएसँगै कुल सङ्क्रमितको सङ्ख्या एक करोड ४५ लाख २६ हजार ६०९ पुगेको अधिकारीले जनाएका छन्।

भारतमा अहिले पनि कोरोना भाइरसबाट सङ्क्रमित रहेकाको सङ्ख्या १६ लाख ७९ हजार ७४० पुगेको मन्त्रालयको तथ्याङ्क छ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा एक लाख २३ हजार ३५४ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि मुक्त भइसकेकाको कुल सङ्ख्या एक करोड २६ लाख ७१ हजार २२० पुगेको छ।

भारतीय मेडिकल रिसर्च काउन्सिलले गत शुक्रवार मात्रै देशभरि १४ लाख ९४ हजार ३९७ जनाको कोरोना परीक्षण गरिएको जनाएको छ। रासस

## पार्टी प्रमुख राहुल क्यास्ट्रोद्वारा पद त्याग्ने घोषणा

हवाना, ४ वैशाख/सिन्हवा

क्युबाको कम्युनिस्ट पार्टीका प्रथम सचिव राहुल क्यास्ट्रोले पद त्याग्ने घोषणा गरेका छन्।

उनले नयाँ पुस्तालाई अवसर दिनका लागि आफूले पद त्याग्ने निर्णय गरेको शुक्रवार बताएका हुन्।

“मैले मेरो जिम्मेवारी र योजना पूरा गरेको छु, त्यसैले मैले पार्टीको केन्द्रीय कमिटीको प्रथम सचिवको जिम्मेवारीबाट मुक्त हुने निर्णय गरेको छु,” उनले भने। उनले आफ्नो भूमिका र निर्णयबाट आफू सन्तुष्ट रहेको र आगामी दिनमा पनि देशलाई फाइदा नै हुने विश्वास व्यक्त गरे।

पार्टीको आठौं सम्मेलनको उद्घाटन समारोहमा सम्बोधन गर्ने क्रममा उनले पार्टी र देशलाई नयाँ गति दिन आफ्नो निर्णयले सहयोग पुग्ने अपेक्षा पनि गरेका छन्।

पार्टीको अभियान र आन्दोलनमा भने पार्टी कार्यकर्ताको रूपमा आफू सधैं रहिरहने पनि ८९ वर्षीय नेता क्यास्ट्रोले जिम्मेवारीमा नरहने जनाइएको छ।



उनी सन् २०११ को अप्रिलमा पार्टीको शीर्ष नेताका रूपमा निर्वाचित भएका थिए। आफ्नै दाजु फिडेल क्यास्ट्रोको उत्तराधिकारीका रूपमा उनले भूमिका निर्वाह गरेका थिए। फिडेलले सन् १९६५ देखि पार्टीको नेतृत्व गरेका थिए। फिडेलको सन् २०१६ मा निधन भएको थियो।

सन् १९५९ को क्रान्तिको नेतृत्वकर्ता भएकाले क्रान्तिपछि लगातार क्युबामा क्यास्ट्रो परिवारले राजनीतिक नेतृत्व गर्दै आएको छ। रासस

स्पष्ट पारे।

“म जीवित रहँदासम्म, मैले सक्दासम्म पार्टीको काममा म सधैं लागि नै रहनेछु, मातृभूमिका लागि खटिनेछु,” उनले भने।

उनले आफ्नो उत्तराधिकारी हुने र पार्टीको नेतृत्वमा रहने सबै नेतालाई राष्ट्रियता, समाजवाद, नैतिकता, संस्कृतिको महत्त्व नभुल्नसमेत सचेत गराएका छन्।

अहिले चलिरहेको पार्टीको सम्मेलन नयाँ नेता चयन गर्दै आगामी सोमवार सकिने भएकोले सम्मेलन सकिएपछि उनी

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – अतिथिआगमन |
| मिथुन – सुयश | कर्कट – व्यर्थभ्रमण |
| सिंह – मनोरञ्जन | कन्या – सफलता |
| तुला – ईश्वरभक्ति | वृश्चिक – वादविवाद |
| धनु – नारीसुख | मकर – धनलाभ |
| कुम्भ – ज्ञानोदय | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**लोकसेवाको तयारी**

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)
शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300


## चैती छठपर्वको महत्त्व



राजेश मिश्र

चैती छठपर्व ३ गते शुक्रवारको दिन नहाय खायसँगै प्रारम्भ भइसकेको छ। ५ गते शनिवार रसियाव रोटी थियो भने आज ५ गते आइतवार सँझिया घाटमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिनुका साथै ६ गते सोमवार विहनिया घाटमा उदाउँदो सूर्यको अर्घ्य दिएपछि चैती छठ पर्वको समापन हुनेछ। कात्तिकको छठ पर्व जस्तै सरसफाइ र शुद्धताको पूर्ण पालना गरिन्छ।

चार दशकअघिसम्म चैती छठ पर्व नगन्य भक्तजनहरूले मनाउने गरेको पाइन्थ्यो। समयक्रमसँगै चैती छठपर्व मनाउने भक्तजनहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ। सूक्ष्मरूपमा केलाउने हो भने चैत महीना अत्यधिक गर्मीको समय हुने भएकोले चार दिनसम्म मनाइने यो महापर्वमा व्रतालुहरूको सङ्ख्या न्यून भएको कुरा स्पष्ट छ। उहिले प्रायः घरका पुरनिया महिलाहरूले व्रत बस्ने र घरका अन्य सदस्यहरूले सहयोगीको भूमिका निर्वाह गर्ने गरेको पाइन्थ्यो। यद्यपि अहिले आधुनिकतासँगै परिवारिक बाँडफाँडको क्रमसँगै व्रतालुहरूको सङ्ख्यामा पनि वृद्धि भइरहेको पाइन्छ।

हिन्दू नववर्षको प्रारम्भिक मास अर्थात् पहिलो महीना चैतमा ‘चैती छठ’ मनाउने परम्परा सदियौंदेखि स्थापित छ। कात्तिक महीनामा मनाइने छठ पर्व हिन्दू वर्षको दोस्रो ‘छठ पर्व’ हो। बहुसङ्ख्यक भक्तजनहरूले कात्तिक महीनामा मनाउने हुनाले ‘कत्तिकी छठ’ पर्वलाई महाछठपर्वको रूपमा हेर्ने दृष्टिकोण स्थापित छ। यद्यपि ‘नवरात्र र छठपर्व’ हिन्दू नववर्षको शुभारम्भ पर्व हो। यी दुईटै महावर्प ऋतु परिवर्तनको बेला मनाइन्छ। त्यस कारण पनि यस महापर्वको महत्त्व प्रकृतिसँगको निकटतम सम्बन्धको रूपमा रहेको सहजै अनुमान गर्न सकिन्छ। कात्तिक छठपर्व जस्तै चैती छठपर्वमा कृषि उत्पादनको प्रयोगसँगै चार दिनसम्म मनाइन्छ।

चैती छठपर्वको धार्मिक, पौराणिक, प्राकृतिक र वैज्ञानिक महत्त्व तथा मनाउने विधि प्रस्तुत छ।

**धार्मिक महत्त्व**

ब्रह्मवैवर्त ग्रन्थमा उल्लेख एक कथाको अनुसार छठ व्रतबाट नै राजा प्रियव्रतका मृत पुत्रलाई पुनर्जीवन प्राप्त भएको थियो। यसैले उनकै समयदेखि प्रजाहरूले चैती छठपर्व शुरू गरेको मान्यता छ। यस पर्वको महात्मयमा यो पनि उल्लेख छ कि महर्षि च्वयनको आँखाको ज्योति यसै व्रतको कारण पुनः प्राप्त भएको थियो।

हिन्दू नववर्षको चैत महीनाको पहिलो दिनदेखि चैत नवरात्र प्रारम्भ हुन्छ। चैत महीनाको षष्ठि तिथिको दिन देवी कात्यानीको पूजा गर्ने चलन छ। तर यसै दिन सूर्य उपासनाको व्रत छठपर्वको महात्मय पनि पुरातनकालदेखि मनाइँदै आइएको छ।

हिन्दू शास्त्र अनुसार चैत नवरात्रको समयमा मनाइने छठपर्व गृहस्थ जीवन र विद्यार्थी जीवनको लागि अति नै महत्त्वपूर्ण मानिन्छ। यस दिन कुमार कार्तिकेयको पूजापछि घ्यू र ब्राह्मीको सेवन गर्नाले बौद्धिक विकासका साथै स्मरण शक्ति प्रबल हुन्छ। धार्मिक ग्रन्थहरूमा छठपर्वलाई सन्तान सुख प्रदान गर्ने पर्वको रूपमा पनि उल्लेख गरिएको पाइन्छ।

**पौराणिक महत्त्व**

नवरात्रको समयमा मनाइने यस छठपर्वलाई विशेष महत्त्वका साथ मनाइन्छ। किनभने भगवान शिव र देवी पार्वतीका पुत्र स्कन्द कुमार अर्थात् कुमार कार्तिकेयलाई समर्पित पर्व हो। यो पनि मान्यता छ कि यस चैती छठपर्व मनाउनाले देवी स्कन्द माता जो देवी दुर्गाकी पाँचौं स्वरूप हुन्, उनी प्रसन्न भएर मनोवाञ्छित मनोकामना पूर्ण गर्दछिन्। भक्तहरूलाई मोक्ष प्रदान गर्दछिन्।

**प्राकृतिक महत्त्व**

नेपाल एक कृषिप्रधान देश हो। कृषि पेशा मुख्य रूपमा प्रकृतिमा आधारित कर्म हो। यस कारण प्रकृतिको स्वामी सूर्यको उपकार मनुष्यले बिर्सने कुरै हुँदैन। किनभने कृषि प्रणाली नितान्तरूपमा सूर्यको गतिमा निर्भर छ। यस कारण अन्नबाली भित्र्याउने समयमा मानिसहरू दुवै ऋतुमा सूर्यको उपासना गर्दै सूर्य देवलाई धन्यवाद दिने प्रचलन सदियौंदेखि निरन्तर छ।

**वैज्ञानिक महत्त्व**

वैज्ञानिक दृष्टिले हेर्ने हो भने वर्षमा मुख्यरूपमा चैत र कात्तिकमा गरी दुई महा छठपर्व मनाउने प्रचलन रहेको पाइन्छ। पहिलो गर्मीयामको प्रारम्भकाल अर्थात् चैत महीनाको शुरूमा र दोस्रो कात्तिक महीनामा जब शीतकालको प्रारम्भ हुन्छ। वैज्ञानिक दृष्टिले ऋतु परिवर्तनको समय भएकोले वसन्त ऋतु र शरद ऋतुलाई सङ्क्रमणकालको रूपमा मानिन्छ। यस महीनामा बिमारीजन्य प्रकोप बढ्छ। यस कारण बिमारीजन्य प्रकोपबाट बच्नको निम्ति यस महीनामा पर्व गर्नु स्वास्थ्यको दृष्टिकोणले राम्रो हुने भएकोले व्रत र उपासनाप्रति जोड दिइन्छ। यस पर्वमा व्रतालुहरूले आरोग्यता, सन्तान र इच्छित मनोकामना माग्ने प्रचलन रहिआएको छ।

**कसरी मनाइन्छ चैती छठ पर्व**

कात्तिक महीनामा मनाइने छठपर्व

(बाँकी अन्तिम पातामा)


नेपाल नागरिक उड्डयन प्राधिकरण
सिमरा नागरिक उड्डयन कार्यालय
सिमरा, बारा

**विमानस्थल क्षेत्रभित्र रहेको जग्गा कृषि प्रयोजनको लागि ठेक्कामा दिनेबारेको बोलपत्र आह्वानको सूचना**

प्रकाशित मिति २०७८।१।०५

यस कार्यालयको क्षेत्रभित्र रहेको कार्यालयले नामकरण गरेको प्लट नं ४ (डुमरवाना जाने पूर्वपट्टि)को जमीन ३–१२–० (तीन बिघा बाऱ्ह कट्ठा)को खाली जग्गा कृषि प्रयोजनको लागि २०७८/०२/०१ देखि लागू हुने गरी ३ (तीन) वर्षको लागि तपसिलबमोजिमका शर्तहरूको अधीनमा रही ठेक्कामा दिनुपर्ने भएको हुँदा इच्छुक सङ्घसंस्था, नेपाली नागरिकहरूबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ।

**तपसिलः–**

१. इच्छुक सङ्घसंस्था, नेपाली नागरिक वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम रु ३३९।– (तीन सय उनान्चालीस) मूअकसहित फिर्ता नहुने गरी यस कार्यालयको एभरेस्ट बैंक सिमरास्थित खाता नं. ००७००१०५०००१५१ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाइ, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलै प्रति साथमा ल्याइ सोको छायाप्रति र सङ्घसंस्थाको हकमा आधिकारिक फर्म/कम्पनी दर्ता, PAN/VAT दर्ता र अद्यावधिक, आव २०७६/७७ को करचुक्ता प्रमाणपत्रको छायाप्रतिसहित साथमा ल्याइ सोको प्रतिलिपिसहित रु १०।– को टिकट टाँसी निवेदन दिएमा यस कार्यालयबाट मिति २०७८।०१।०५ देखि २०७८।०१।१९ सम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिन्छ।
२. बोलपत्र फाराम मिति २०७८।०१।२० गते १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। पर्न आएका बोलपत्रहरू सोही दिन दिउँसो २:०० बजे यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि तथा ठेकेदार प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। सो दिन बिदा परेमा भोलिपल्ट बोलपत्र फाराम बुझाइने र खोलिनेछ।
३. बोलपत्र फारामको साथ उक्त प्लटको नक्शा संलग्न हुनेछ। उक्त प्लट नं ४ को जग्गाको न्यूनतम वार्षिक कबुल अङ्क ३८२००।– (अठतीस हजार दुई सय मात्र) हुनेछ। बोलपत्रदाताले आफूले कबुल गर्न चाहेको दररेट वार्षिकरूपमा स्पष्ट खुल्ने गरी अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
४. बोलपत्र जमानतबापत बोलपत्रदाताले वार्षिक कबुल गर्ने अङ्कको तीन वर्षको लागि ५ प्रतिशतले हुने रकम यस कार्यालयको एभरेस्ट बैंक लि. सिमरास्थित धरौटी खाता हि.नं. ००७००१०५०००१५२ जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ।
५. बोलपत्र कबुल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको बोलपत्र मान्य हुनेछैन। रीत नपुगेको, म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन।
६. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट स्वीकृत कुल ठेक्का अङ्कको २५ प्रतिशत हुने रकमको नेपाल राष्ट्र बैंकबाट (क) वर्गको इजाजतप्राप्त बैंकको कम्तीमा कबुलियत अवधिभर ६ महीना बढी म्याद भएको बैंक जमानत वा कार्यालय धरौटी खाता हि.नं.००७००१०५०००१५२ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी सम्झौतापश्चात् चलन पुर्जी दिइनेछ।
७. ठेकेदारले उक्त जग्गामा उखु, मकै जस्ता अग्ला बोटबिरुवा हुने बाली तथा गाँजा जस्ता कानूनद्वारा निषेधित बाली लगाउन पाइनेछैन।
८. आफूले सकार गरेको जग्गाको फेन्सिङहरूको रेखदेख तथा मरम्मत सम्भार ठेकेदारले आफ्नै खर्चबाट गर्नुपर्नेछ। साथै उक्त क्षेत्रभित्र रहेका उपकरणहरूको रेखदेखसमेत ठेकेदारले गर्नुपर्नेछ।
९. अन्य विस्तृत जानकारीको लागि एवं प्लट हेर्न चाहनेले कार्यालय समयभित्र सर्म्पक राख्नुपर्नेछ।
१०. कबुल गर्ने ठेकेदारले हवाई उपकरण, जमीनमुनि रहेका तारहरू आदि बचाइ, हवाई उडान अवतरणमा बाधा नपर्ने गरी फेन्सिङ गरिएका जग्गाहरू अनधिकृतरूपमा गाईवस्तु, व्यक्तिहरूको प्रवेश नियन्त्रण गरी विमानस्थल सुरक्षा व्यवस्थामा असर पर्ने खालका कुनै गतिविधि गर्न पाइनेछैन।
११. नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी कुनै कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्राधिकरणलाई आवश्यक परेमा ठेक्कामा दिइएको जग्गाको बन्दोबस्त रद्द गर्ने अधिकारसमेत यस कार्यालयमा निहित रहनेछ।
१२. यो सूचनामा नपरेका अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ।

# ६ जना महिलासहित १२५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ४ वैशाख/

वीरगंज महानगरपालिका–१ छपकैया र वडा नं १० रानीघाटमा शनिवार आयोजित रक्तदान कार्यक्रममा ६ जना महिलासहित १२५ जनाले रक्तदान गरेको



रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

वीरगंज महानगरपालिका–१ छपकैयामा चित्रगुप्त सेवा समिति छपकैयाले आयोजना गरेको रक्तदान कार्यक्रममा ५५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजकी मोबाइल इन्चार्ज डिल्लीमाया घिमिरेले बताइन्। समितिका अध्यक्ष प्रभुनारायणलाल दासको अध्यक्षतामा भएको रक्तदान कार्यक्रमको उद्घाटन प्रमुख अतिथि प्रदेशसभा सदस्य ओमप्रकाश शर्माले गरेका थिए। कार्यक्रममा चित्रगुप्त समिति वीरगंजका अध्यक्ष महेश दासलगायतको सहभागिता थियो। कार्यक्रममा राजेश कर्ण, भेचु दास, आलोक श्रीवास्तव, वीरेन्द्र यादव, जीतेन्द्र कर्ण, दीपेश पासवान, गणेश दास, सुनील सर्राफलगायतले रक्तदान गरेको मोबाइल इन्चार्ज घिमिरेले बताइन्।

यसैगरी वीरगंज महानगरपालिका–१० रानीघाटमा आयोजित रक्तदान कार्यक्रममा ६ जना महिलासहित ७० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख पाण्डेयले बताए। रक्तदान कार्यक्रममा अर्चना बाराही, रजनी गुरुङ, आशा गुप्ता, आशा श्रीवास्तव, सुमनकुमारी श्रीवास्तव, सन्दीपा श्रेष्ठ, शर्मिला सिंह राजपूत, सतीश सिंह राजपूत, राजकुमार चौधरी, अजय श्रेष्ठ, ऋतुराज महतो, पुष्परञ्जन गुप्ता, अजय रौनियारलगायतले रक्तदान गरेका थिए।

# दलित सशक्तीकरण कार्यक्रम, दबाब समूह गठन

प्रस, सेढवा, ४ वैशाख/

पिसफोर दलित फाउन्डेशन नेपाल, प्रदेश–२ को आयोजनामा जीराभवानी गाउँपालिका–३ जीतपुरमा सामाजिक रूपान्तरणको लागि दलित समुदाय



नवगठित दलित दबाब समूहका पदाधिकारीहरू। तस्वीरः प्रतीक

सशक्तीकरण तथा दलित अधिकारको लागि दलित दबाब समूह गठन गरिएको छ।

दलित समुदायको अधिकारको लागि सङ्घर्ष गर्न आवश्यक रहेको सहभागीहरूले बताए। उनीहरूले गापाबाट दलित समुदाय अहिलेसम्म सेवा सुविधाबाट वञ्चित रहनुपरेकोमा दुःखेसो पोखे।

सरकारले दिएको सेवा सुविधालाई पनि गापाले दबाएर राखेको, गाउँटोलमा गैरदलितबाट अछूतको व्यवहार कायम रहेको भन्दै भेलामा सहभागीहरूले पुर्खादेखि सहँदै आएको दमन, अत्याचार, शोषण अबका दिनमा नसहने र जोडदार प्रतिकार गर्ने उद्घोष गरेका थिए। जीतपुर टोलकी दलित महिला सुनरकलिया देवीले दलित समुदायसँग हुँदै आएको विभेदविरुद्ध समुदायले शिक्षामा जोड दिनुपर्ने र शिक्षाको माध्यमबाट विभेदको अन्त्य गर्न सकिने सुझाव दिइन्।

भेलाले जीतेन्द्रकुमार रामको संयोजकत्वमा ११ सदस्यीय दलित दबाब समूह गठन गरेको छ। दबाब समूहमा फूलादेवी राम, मोहपती देवी, रामलीला राम, रामकिशुन राम, सुनकाली देवी, शङ्कर पासवान, ललिता देवी, श्रीकान्ति देवी, सोसिता देवी, सुगी देवीलगायत छन्।

भेलामा पिसफोर दलित फाउन्डेशन नेपालका अध्यक्ष मनोज राम, उपाध्यक्ष चन्द्रकिशोर राम, सचिव दीपेन्द्रकुमार राम, सदस्यहरू सुरेन्द्र पासवान, परमानन्द राम, दलित अगुवाहरू शिव राम र जयलाल रामलगायतको सहभागिता थियो।

### चैती छठपर्वको महत्व.....

जस्तै चैती छठ पनि चार दिनसम्म मनाइन्छ। नहाय खाय, रसिआव रोटी र सँझिया घाट, बिहनिया घाट गरी चार दिनसम्म मनाइने यो महापर्वलाई छठपर्व वा सूर्य उपासनाको नामले चिनिन्छ। छठपर्व चैत महीनाको होस् वा कात्तिक महीनाको शुद्धतालाई केन्द्र बिन्दुमा राखिन्छ। पूर्ण शुद्धताको ख्याल राखिन्छ। चार दिनसम्म उपवासको साथै नियम र संयम अनिवार्य हुन्छ। चैती छठपर्व महिला मात्र होइन, पुरुष तथा साधुसन्तहरूले पनि मनाउने गरेको पाइन्छ। यस पर्वमा नयाँ वस्त्र अनिवार्य छ। छठ पर्वको चार दिनसम्म व्रतालुहरू सांसारिक सुख साधनबाट टाढा रहनुपर्दछ। कात्तिकी छठपर्व जस्तै दौरा, डागरा, सुपुली, नरिवल, साठीको चामललगायतका कृषि उपज अनिवार्य प्रयोग गर्ने प्रचलन छ।

### मकवानपुरमा यात्रु....

नपाउने निर्णय भएको सूचना अधिकारी गर्तौलाले बताए। मकवानपुर जिल्लाका बासिन्दालाई अन्यत्र जान रोकटोक नभएको तर अन्यत्रबाट मकवानपुरमा प्रवेश गर्न भने नपाइने उनले प्रस्ट्याए। अन्यत्रबाट जिल्लामा मानिस प्रवेश भए नभएको अनुगमन गर्न जनप्रतिनिधिसहितको नागरिक अनुगमन समिति र थप सुरक्षाकर्मी परिचालन गरिएको छ।

बैठकले सङ्क्रमण देखिएका जिल्ला साथै भारतीय तरकारी बोक्ने सवारीलाई प्रवेशमा रोक लगाउने, हेटौंडा–१०, टिसिएनस्थित तरकारी बजार बन्द गर्ने निर्णय गरेको छ। बैठकले अति आवश्यकबाहेक मोटरसाइकल सञ्चालन र हिंड्डुलमा रोक लगाउने निर्णयसमेत गरेको जिल्ला प्रशासन कार्यालयले जानकारी गराएको छ।




# खेलकूदको संसार

## मैत्रीपूर्ण फूटबल खेलमा जेसीज विजयी

प्रस, परवानीपुर, ४ वैशाख/

होटल तथा पर्यटन व्यवसायी सङ्घ र वीरगंज जेसीजबीच मैत्रीपूर्ण सेभेन ए साइड फूटबल प्रतियोगिता सम्पन्न भएको छ। वीरगंजस्थित आदर्शनगर रङ्गशालामा सम्पन्न फूटबल प्रतियोगितामा वीरगंज जेसीज १ का विरुद्ध ७ गोलअन्तरको फराकिलोले विजयी भएको छ।



वीरगंज जेसीजद्वारा आयोजित प्रतियोगितामा विजयी हुनेहरूलाई वीरगंज जेजीका पूर्वअध्यक्ष निशान्त लामिछानेले शिल्ड तथा मेडल प्रदान गरेका थिए। संस्थाका वर्तमान अध्यक्ष रञ्जन राउतको सभापतित्वमा सम्पन्न प्रतियोगितामा वीरगंज जेजीका संस्थापक तथा नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य गोपाल केडियालगायतको सहभागिता थियो।

# नेपाल पूर्वप्रहरी सङ्गठनको पहिलो नगर सम्मेलन सम्पन्न

प्रस, वीरगंज, ४ वैशाख/

नेपाल पूर्व प्रहरी सङ्गठन वीरगंज महानगरपालिकाको पहिलो नगर सम्मेलनले राधाकृष्ण कायस्थको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरेको छ।

नवगठित कार्यसमितिको उपाध्यक्ष नरेशराउत यादव, सचिव राजेशप्रसाद कुर्मी, कोषाध्यक्ष विपेन्द्रप्रसाद चौरसियालगायत सदस्यहरू छन्।

यसअघि नगर सम्मेलनको उद्घाटन वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले गरेका थिए।

महम्मद अन्सारीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, नेपाल पूर्व प्रहरी सङ्गठन प्रदेश २ का संयोजक गोविन्द




झा, कावा गुल्मपति प्रनानि सञ्जीवकुमार यादव, रौतहट समितिका अध्यक्ष धनबहादुर यादवलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सङ्गठनका पर्सा संयोजक शत्रुघ्नसिंह राजपूतले गरेका थिए।

# गुणस्तर तथा नापतौल कार्यालयको अढाई करोडको नयाँ भवन तयार

प्रस, परवानीपुर, ४ वैशाख/

गुणस्तर तथा नापतौल कार्यालय वीरगंजको अढाई करोड रुपैयाँको लागतमा निर्माण भएको नयाँ भवनको निर्माण कार्य लगभग सम्पन्न भएको छ।

वीरगंज–११ तेजारथ टोलमा ५ कट्ठा क्षेत्रफलमा कार्यालय परिसरमा तीन तले भवनको निर्माण कार्य सम्पन्न भएको हो। आगामी जेठमा ठेकेदारले भवन हस्तान्तरण गर्ने तयारी रहेको कार्यालय प्रमुख वरिष्ठ निरीक्षक शशिभूषण यादवले जानकारी गराए।

२०७५ असोजमा ठेक्का लागि १५ महीनाको समयावधिमा निर्माण कार्य सम्पन्न गराउन पप्पु/रञ्जन जेभी वीरगंजसँग ठेक्का सम्झौता भएको थियो। कोरोनाको कारण करीब ८ महीना निर्माण कार्य ढिलो भएको थियो। पुरानो कार्यालय साँघुरो भएपछि नेपाल गुणस्तर नापतौल विभागको बजेटमा यो भवन निर्माण भएको हो।

## चट्याङ पर्दा कुखुरा फार्ममा आगलागी

प्रस, सर्लाही, ४ वैशाख/

शुक्रवार राति सर्लाहीको ईश्वरपुर नगरपालिकास्थित एक कुखुरा फार्ममा चट्याङ पर्दा फार्ममा रहेका कुखुरा र चल्ला जलेर नष्ट भएका छन्। राति आठ बजे हावाहुरीसँगै चट्याङ पर्दा कुखुरा फार्ममा आगलागी भएको हो।

ईश्वरपुर–७ पोखरी टोलस्थित उदयराय यादव र राजेश पटेलले संयुक्तरूपमा कुखुरा फार्म सञ्चालन गर्दै आएका थिए। आगलागीमा परी केही कुखुरा र १२ सयवटा चल्लाका साथै ५० बोरा दानासमेत १० लाख रुपैयाँभन्दा बढीको क्षति भएको प्रहरीको अनुमान छ। स्थानीय बासिन्दा र प्रहरीको संयुक्त प्रयासमा आगो नियन्त्रण गरिएको थियो।

# ट्रकको ठक्करबाट युवकको मृत्यु

प्रस, पर्सागढी, ४ बैशाख/

वीरगंज महानगरपालिका–२१




सुखचैनाचोकमा शनिवार दिउँसो ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार एकजना युवकको मृत्यु भएको छ।

ना.६ख ६१३६ नम्बरको ट्रकको ठक्करबाट प्रदेश नं २–०३००६–२४९७ नम्बरको मोटरसाइकलमा सवार २४ वर्षीय जैकीकुमार कुशवाहाको मृत्यु भएको इलाका प्रहरी कार्यालय बुनियादले जनाएको छ।

ट्रकको ठक्करबाट मोटरसाइकलको पछाडि बसेका कुशवाहाको घटनास्थलमैं मृत्यु भएको र मोटरसाइकल चालक भने सामान्य घाइतेसमेत नभएको बताइएको छ। ठक्कर दिने ट्रक र त्यसका चालकलाई इप्रका बुनियादमा राखिएको छ।

# तीन दिने मानव अधिकारसम्बन्धी तालीम

प्रस, पंचगावाँ, ४ वैशाख/

पटेर्वासुगौली गाउँपालिकाको सहयोग र सहज सेवा सीप विकास केन्द्र प्रालि पटेर्वासुगौली गापा–४ को आयोजनामा तीन दिने पालिकास्तरीय मानव अधिकारसम्बन्धी तालीम शनिवारबाट शुरू भएको छ।

पटेर्वासुगौली गापाकी उपाध्यक्ष ममता महतोले तालीमको उद्घाटन गरेकी थिइन्। उनले समाज परिवर्तन तथा समाजमा सुख, शान्ति, समृद्धि, अमनचयनको लागि मानव अधिकारको आवश्यकता रहेको बताइन्। उनले मानिसको जन्मदेखि मृत्युसम्म मानव अधिकार आवश्यक रहेको चर्चा गर्दै समाजमा अधिकार खोस्ने, विभेद गर्ने जस्ता चलन अन्त्यका लागि सबै सचेत हुन जरुरी रहेको तथा आफ्नो अधिकारप्रति सचेत रहनुपर्ने बताइन्।



कार्यक्रममा पटेर्वासुगौली गापाका सामाजिक विकास शाखा प्रमुख राजकुमार महतो, शिक्षा शाखा प्रमुख शम्भुप्रसाद साह र स्थानीय जनप्रतिनिधिको सहभागिता थियो। तालीममा गापाका सबै वडाबाट सहभागिता गराइएको छ। कार्यक्रमको सहजीकरण आयोजक संस्थाका कार्यक्रम संयोजक सुस्मिताकुमारी चौधरीले गरेकी थिइन्।



स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

